नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेश विज्ञप्ति

मिति :........................

मिति २०७५/०६/१७ गतेका दिन सम्माननीय कार्यवाहक प्रधानमन्त्री ईश्वर पोखरेलज्यूबाट आ.व २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम एवं बजेटको कार्यान्वयनको स्थिति/प्रगति , समन्वय तथा समस्या समीक्षा सम्बन्धी बैठक माननीय अर्थ मन्त्रीज्यू, माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीज्यू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यू, राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यू, मुख्य सचिवज्यू एवं नेपाल सरकारका सचिवज्यूहरुको उपस्थितिमा सम्पन्न भयो ।

सम्बन्धित मन्त्रालयका सचिवज्यूहरु एवं कार्यकारी प्रमुखज्यूबाट प्रतिवेदनका क्रममा मेलम्ची खानेपानी आगामी दिपावली अगाडि सम्पन्न हुने, काष्ठमण्डपको कम्तिमा एक तला यो आर्थीक वर्षभित्र सम्पन्न हुने, धरहराको टेन्डर स्विकृत भई निर्माणको चरणमा प्रवेश गरेको, पूर्व-पश्चिम राजमार्ग ४ लेन र ६ लेनमा स्तरउन्नति गर्ने कार्य प्रारम्भ भएको, नागढुँगा-नौबिसे सुरुङ्गमार्गको विस्तृत परियोजना प्रतिवेदनको बोलपत्र मूल्याङ्कन, मेची-महाकाली रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयारीको चरणमा रहेको, रसुवागढी-काठमाण्डौं र बिरगञ्ज-काठमाण्डौं रेलमार्गको सम्भाव्यता अध्ययन भैरहेको, ठेक्का प्रक्रियाद्वारा सम्पन्न हुने कामलाई प्रभावकारी बनाउन Contract Management System (CMS) नामक Software विकास गरिएको एवम् पूर्वाधार निर्माणमा ढिलाई गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्ने प्रक्रिया शुरु भएको , सडकका खाल्डाखुल्डी लगायतको अवस्थाको बारेमा आम नागरिकबाटै सम्बन्धित निकायमा सूचना एवम् गुनासो सम्प्रेषण गर्न सक्ने गरी **मेरो सडक मोबाइल एप्स** प्रयोगमा ल्याइएको र आगामी १० वर्षभित्रमा १५ हजार मेगावाट जलविद्युत उत्पादन हुने गरी जलविद्युत आयोजना अगाडि बढाईएको, साथै सबै जनतालाई विद्युत उत्पादनमा स्वामित्व दिलाउने कार्य प्रारम्भ गरिएको, उर्जा, सिंचाइ, खानेपानी र पर्यटनलाई एकिकृत बहुउद्देश्यीय

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : infc@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :-

मिति :

च.नं. :-

आयोजना सञ्चालन गर्ने गरी कार्य प्रारम्भ गरिएको र यो वर्षको राजस्व संकलन गत वर्षको तुलनामा करिब ३६ प्रतिशतले वृद्धि भएको लगायतका प्रगति विवरण पेश गर्नुभएको थियो।

सम्माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूले विभिन्न घोषणापत्र, नीति तथा कार्यक्रम एवम् वार्षिक बजेट मार्फत व्यक्त गरिएका प्रतिवद्धताहरु के कसरी पूरा हुन्छ भनी आम नागरिकहरुले चनाखो भएर हेरीरहेका छन् । हाम्रा परम्परागत अभ्यासले मात्र निष्कर्ष र लक्ष्यमा पुगी नागरिक समक्ष व्यक्त गरिएका प्रतिवद्धताहरु पूरा गर्न सकिदैंन। यसर्थ प्रशासनिक एवम् कार्यकारी प्रमुखहरुले नीतिमा, विधिमा, संरचनाहरुमा भएका समस्याहरुलाई एकिन गरी राजनीतिक नेतृत्व समक्ष पेश गर्न निर्देशन दिनुभयो ।

पूर्वाधार निर्माण एवम् सेवा प्रवाहलाई प्रभावकारी बनाउन समन्वयात्मक रुपमा अगाडि बढाउनुका साथै मूल्याङ्कन एवम् अनुगमनको परम्परागत विधिले सही मूल्याङ्कन हुन नसक्ने यथार्थलाई मनन गरी आगामी दिनमा अनुगमन र मूल्याङ्कनलाई दण्ड र पुरस्कारसँग आबद्ध गर्न समेत निर्देशन दिनुभयो ।

मिति: २०७५/०६/१७

बिनोद बहादुर कुँवर

सहसचिव /प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np